सिंजा गाउँ कार्यपालिकाबाट पारित मिति२०८०।०३।२६

# सिंजा गाउपालिकाको शिक्षक सरुवा, दरबन्दी मिलान तथा ब्यावस्थापन सम्बन्धी कार्यविधि -२०८०

**सिजा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नराकोट जुम्ला**
**कर्णाली प्रदेश नेपाल**

प्रमाणित गर्ने

नाम : - मित्रलाल धिताल

पद : प्र. प्रशासकिय अधिकृत

मिति : २०८०।०३।२६

पृष्ठ संख्या : ३

दस्तखत:

मित्रलाल धिताल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावना**

नेपालको संबिधान २०७२ को अनुसुचि ८ को बुदा नं ८ मा आधारभुत तथा माध्यामिक शिक्षाको अधिकार स्थानिय तहको भनि उल्लेख भयको तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज १ मा प्रारम्भिक बाल बिकास तथा शिक्षा, आधारभुत शिक्षा, अबिभाबक शिक्षा,अनौपचारीक शिक्षा, खुला तथा बैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र बिशेष शिक्षा सम्बन्धी नीती,कानुन,मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन,मुल्यांकन र नियमन गर्ने बिषय उल्लेख भयको छ उक्त परिप्रेक्ष्यमा सिंजा गाउँपालिकाले संविधान र ऐनका प्रावधान अनुसारको अधिकार उपयोग गरी माध्यामिक तह सम्मको शिक्षाको बिकास,ब्याबस्थापन,नियमनका साथै यस सिंजा गाउपालिकाको शिक्षा बिकासको उद्देश्यलिएको छ । यस उद्देश्यलाई हासिल गर्न यसगाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र प्राथमिकताका आधारमा बिध्यालयको माग र आवश्यकता अनुसार शिक्षकहरुको सरुवा अनिवार्य भएकोले सो को प्रभावकारी संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही यो **"शिक्षक सरुवा तथा दरबन्दी मिलान** तथा ब्याबस्थापन **सम्बन्धी कार्यबिधि २०८०"** तयार गरि जारी गरिएको छ ।

**सरुवा तथा काज सरुवा सम्बन्धी ब्याबस्था:**

१ सिंजा गाउपालिकाका सामुदायिक बिध्यालयमा कार्यरत जनशक्ती शिक्षक तथा कर्मचारीको एक बिध्यालयबाट अर्को बिध्यालयमा तह तथा बिषय मिल्ने दरबन्दीमा शैक्षिक जनशक्ती बिकास तथा ब्याबसथापन समितिको सिफारिसमा गाँउ शिक्षा समितिले काज सरुवा गर्न सक्ने छ ।

२ स्थायी, अस्थाई, राहत शिक्षक,आबश्यकतानुसार पालिका अनुदानका तथा प्रारम्भिक बाल बिकास सहजकर्ता सरुवा काज सरुवा तथा दरबन्दी मिलान गरिने छ ।

३ सुरुको बर्ष शिक्षकको सरुवा आर्थिक बर्षको सुरुमा गरिने छ र अन्य बर्ष आबश्यकतानुसार शैक्षिक सत्रको सुरुमा गरिने छ ।

४ शिक्षकको सरुवा गर्दा शिक्षकको तह र अध्यायपन गर्ने बिषय मिलाउनु पर्ने छ ।

५ शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्ने छ ।

- एउटा बिध्यालयमा आबश्यकता भन्दा बढि दरबन्दी एकै बिध्यालयमा भयमा
- दरबन्दी मिलान गर्ने क्रममा तोकियको मापदण्ड भन्दा बढि शिक्षक भयमा
- बिपदको कारण बिध्यालय र बिध्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अबस्थामा गाउपालिकाको बिपद ब्याबस्थापन समिततिले सिफारिस गरेमा ।
- कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा बिशेषज्ञ सेवा प्रबाह गरेको अबस्थामा उक्त सेवालाई अन्य बिध्यालयमा उपयोग गर्न आबश्यक देखियमा ।

- शिक्षकलाई कार्यरत बिध्यालयमा कम्तिमा २ बर्ष पुरा नगरि अन्यत्र सरुवा गरिने छैन तर कुनै बिध्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने ब्योहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफरिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिने छ ।
- नैतिक आचरण तथा निजको ब्यात्तीगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो बिध्यालयमा राखिरहदा बिध्यालयको शैक्षिक बाताबरण खलबलियको वा खलबलिन सक्ने ब्योहोरा बिध्यालय ब्याबस्थापन समितिबाट निर्णय भई आयमा ।
- तोकियको जिम्मेवारी तोकियको समयमा पुरा नगरेको भनि सम्बन्धित बिध्यालय ब्याबस्थापन समितिको निर्णय सहित शिक्षा अधिकृत बाट सिफारिस भयमा ।
- शिक्षक सरुवा गर्दा साधारणतया अपांगता भयका शिक्षक शिक्षिका र महिलालाई अपायक पर्ने स्थानमा सरुवा गरिने छैन ।
- सामन्यतया शिक्षक सरुवा गर्नुपर्दा सबै भन्दा कान्छो नियुक्ती बाट सरुवा गरिनेछ ।
- शिक्षक सरुवा गर्दा लामो अबधि एकै बिध्यालयमा बसेकालाई पहिलो प्राथमिकता दिईनेछ ।
- सरुवा भयको ७ दिन भित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई रमाना पत्र दिई सोको जानकारी सम्बन्धित बिध्यालय र शिक्षा शाखालाई समेतलाई दिनु पर्नेछ ।
- स्थाई नियुक्ती भयको एक बर्ष नपुगेको शिक्षक अनिबार्य अबकाश हुन एक बर्ष वा सो भन्दा कम अबधि बाँकी रहेको शिक्षकलाई एक बिध्यालयबाट अर्को बिध्यालयमा सरुवा गरिने छैन।
- बिध्यालयमा तोकियको बिध्यार्थि संख्या नभयका बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता र राहत अनुदानमा नियुक्त शिक्षकलाई पनि आबश्यकता र औचित्यताको आधारमा अन्य बिध्यालयमा काम काजमा खटाउन सकिनेछ । सरुवा भयको शिक्षकलाई तोकियबमोजिम रमाना दिने र हाजिर गराउने कार्य प्रधानध्यापकले समयभित्र नगरेमा निजले शिक्षा अधिकृत समक्ष स्पष्टीकरण पेस गर्नु पर्नेछ । स्पष्टीकरण मनासिब नभयमा गाँउ शिक्षा समितिले उक्त प्रधानाध्यापकलाई बिभागिय कारबाहीका लागी सिफारिस गर्ने छ ।
- यस मापदणंडमा लेखियबमोजिमका प्राबधानहरु संघिय तथा प्रदेश कानुनसँग बाझियको खण्डमा संघिय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।